राजनीतिक परिवेश विश्लेषण

नेपालको सङ्क्रमणकालीन न्याय

पीडितको प्रतीक्षा, राजनीतिक हस्तक्षेप र चुनौती

अङ्क २१ | असार २०८३

DEMOCRACY
RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

नेपालको सङ्क्रमणकालीन न्याय

पीडितको प्रतीक्षा, राजनीतिक हस्तक्षेप र चुनौती

अङ्क २१ | असार २०८३

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल

नेपालको सङ्क्रमणकालीन न्याय

पीडितको प्रतीक्षा, राजनीतिक हस्तक्षेप र चुनौती

अङ्क २१ | असार २०८३

प्रकाशक
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

यो राजनीतिक परिवेश विश्लेषण द कार्टर सेन्टरको सहयोगमा तयार पारिएको हो । यस अध्ययनको विश्लेषण तथा निष्कर्ष डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का हुन् र तिनले सहयोगी संस्था (द कार्टर सेन्टर) को विचारलाई प्रतिबिम्बित गर्दैनन् ।

विषयसूची

१. पृष्ठभूमि १

२. पीडित मैत्री कानूनको खोजी ४

३. आयोगमा उजुरी दर्ता र तिनको वर्गीकरण ८

४. पीडितको आँखामा सङ्क्रमणकालीन न्याय ११

४.१. पीडित सहभागिता र आयोगप्रतिको अविश्वास १२

४.२. राहत, परिपूरण र दैनिक जीवनको सङ्घर्ष १६

५. राजनीतिको छायाँमा सङ्क्रमणकालीन न्याय २०

६. नयाँ सरकार : केही आशा, केही अन्यौल २३

७. निष्कर्ष २५

१. पृष्ठभूमि

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) [नेकपा (माओवादी)] ले फागुन १, २०५२ मा शुरू गरेको सशस्त्र द्वन्द्वमा राज्य र विद्रोही दुवै पक्षबाट व्यक्ति हत्या, अपहरण तथा बेपत्ता, शारीरिक तथा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, विस्थापन, अङ्गभङ्ग, सम्पत्ति क्षतिजस्ता मानवअधिकार उल्लङ्घनका गम्भीर घटना भए । एक दशक लामो उक्त द्वन्द्वमा झन्डै १३,००० व्यक्ति मारिए र १,३०० भन्दा बढी बेपत्ता पारिए ।[१] सङ्क्रमणकालीन न्यायले द्वन्द्वकालीन यी उल्लङ्घनको सत्य खोज्ने, छानबिन गरी दोषीलाई कारबाहीको सिफारिस

[१] उक्त तथ्याङ्क संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तले तयार पारेको द्वन्द्व प्रतिवेदनको हो (हेर्नुहोस् : संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त । २०६९ । *नेपालको द्वन्द्व प्रतिवेदन* । जेनेभा : संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त ।) माओवादी सशस्त्र द्वन्द्वमा १७ हजार जना मारिएको भन्ने गरिन्छ । तथापि मृतक र बेपत्ताको तथ्याङ्क संस्थापिच्छे फरक छन् । शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुन:स्थापना एकाइको लगतअनुसार २०७४ सालसम्म राहत प्राप्तिका लागि १८,०७६ निवेदन मृतकका हकदारले दिएका थिए । तीमध्ये १४,४१८ जनाले राहत बुझेका थिए । त्यस्तै बेपत्ता पारिएका व्यक्तिको राहतका लागि १,७३० जनाले निवेदन दिएकोमा १,५३० जनाले राहत बुझेका थिए (हेर्नुहोस् : द्वन्द्वपीडित साझा चौतारी, नेपाल । २०७५ । *नेपालको सशस्त्र द्वन्द्वका पीडितहरूको परिपूरणीय आवश्यकता, अधिकार र माग वकालतपत्र* । प्रकाशन स्थान उल्लेख नभएको : द्वन्द्वपीडित साझा चौतारी, नेपाल) । स्थानीय शान्ति समितिमार्फत तथ्याङ्क सङ्कलन गरिएकोले त्यसमा राजनीतिकरण भएको, अन्य घटनामा मृत्यु भएकाले पनि राहतका लागि निवेदन दिएको, दोहोरो-तेहेरो उजुरी दिइएकोले उजुरीको सङ्ख्या बढेको द्वन्द्वपीडितहरू बताउँछन् । त्यसैले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुन:स्थापना एकाइको लगतमा मृतकको सङ्ख्या बढी देखिन्छ । त्यही तथ्याङ्कलाई आधार मानेर माओवादी सशस्त्र द्वन्द्वमा १७ हजार मानिस मारिएको भाष्य निर्माण भएको थियो । तर विभिन्न तथ्यले मारिनेको सङ्ख्या त्यो भन्दा निकै कम भएको देखाउँछ । सत्य निरूपण तथा मेलमिलाप आयोगको अद्यावधिक तथ्याङ्कअनुसार १२,१८३ जना मारिएको उजुरी परेको छ । त्यस्तै, बेपत्ता व्यक्तिको छानबिन आयोगमा दर्ता भएको उजुरीअनुसार २,६१७ व्यक्ति बेपत्ता छन् । रेडक्रसको अन्तर्राष्ट्रिय समिति र नेपाल रेडक्रस सोसाइटीमा द्वन्द्वकालमा ३,२१८ परिवारले आफन्त बेपत्ता भएको भनी सूचना दिए पनि अझै १,३४७ व्यक्ति बेपत्ता नै छन् (हेर्नुहोस् : रेडक्रसको अन्तर्राष्ट्रिय समिति र नेपाल रेडक्रस सोसाइटी । मिति उल्लेख नभएको । *नेपालमा बेपत्ता भएका व्यक्तिहरू : अद्यावधिक सूची-२०७१* । काठमाडौँ : रेडक्रसको अन्तर्राष्ट्रिय समिति र नेपाल रेडक्रस सोसाइटी) ।

गर्ने, पीडितलाई राहत तथा परिपूरण उपलब्ध गराउने, द्वन्द्वको कारण पत्ता लगाउने र संस्थागत सुधारमार्फत भविष्यमा त्यस्ता घटनाको पुनरावृत्ति रोक्ने उपायहरू सिफारिस गर्छ ।[२]

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच मङ्सिर ५, २०६३ मा विस्तृत शान्ति सम्झौता भयो । सम्झौतामा विद्रोही र राज्य पक्षद्वारा बेपत्ता पारिएका तथा युद्धमा मारिएका व्यक्तिहरूको सूचना शान्ति सम्झौता भएको ६० दिनभित्र सार्वजनिक गर्ने उल्लेख थियो । त्यसैगरी सशस्त्र द्वन्द्वमा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्ध अपराधको छानबिन र मेलमिलापका लागि उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति पनि विस्तृत शान्ति सम्झौतामार्फत नै भएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले शान्ति सम्झौतालाई अङ्गीकार गऱ्यो । अन्तरिम संविधानको धारा ३३ (ध) मा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था थियो । २०७२ सालमा संविधानसभाद्वारा जारी नेपालको संविधानको धारा ३०४ (२) मा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रियासम्बन्धी कार्यहरू यसै संविधानबमोजिम भए गरेको मानिने उल्लेख छ । अन्तरिम संविधानबमोजिम भएका शान्ति प्रक्रियाका उपलब्धिलाई नेपालको संविधानले स्वामित्व मात्र ग्रहण गरेको छैन, त्यसको बाँकी कार्यभारको दायित्व पनि स्वीकारेको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएपछि सङ्क्रमणकालीन न्याय निष्कर्षमा पुग्ने अनुमान गरिएको थियो । ऐन जारी भएपश्चात् पहिलो पटक माघ २७, २०७१ मा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरियो । पहिलो पटक नियुक्त पदाधिकारीहरू चैत मसान्त, २०७५ सम्म बहाल रहे । माघ ६, २०७६ मा आयोगमा दोस्रो पटक पदाधिकारी नियुक्त भए । उनीहरूको कार्यकाल २०७९ असारमा समाप्त भयो । दुई पटक आयोगमा पदाधिकारी नियुक्त भए पनि सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न सकेन । पछिल्लो पटक वैशाख ३१, २०८२ मा आयोगमा नयाँ आयुक्तहरू नियुक्त भए । तर चैत १३, २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारले अध्यादेशमार्फत पूर्ववर्ती सरकारका नियुक्ति रद्द गरेको थियो र यसैमार्फत दुवै आयोगका पदाधिकारी पनि हटेका थिए । बालेन्द्र शाहको सरकारले सदनमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने उल्लेख गरेको भने थियो ।

---

[२] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल । २०७९ । *सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट भएका आदेशहरू* । ललितपुर : बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल ।

राज्य र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको दुई दशक बित्न लाग्यो । यसबीचमा एक दर्जनभन्दा बढी पटक सरकारको नेतृत्व परिवर्तन भयो तर पनि माओवादी सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन सकेका छैनन् । यो राजनीतिक परिवेश विश्लेषणमा मुख्यतः बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगले के-कस्ता कार्यसम्पादन गरे भनी लेखाजोखा गर्नुका साथै सङ्क्रमणकालीन न्यायको चुनौती केलाउने प्रयास गरिएको छ । अध्ययनका क्रममा द्वन्द्वपीडित, सङ्क्रमणकालीन न्यायका विज्ञ, राजनीतिक दलका प्रतिनिधि, आयोगका कर्मचारी र अनुसन्धानकर्मीसँग अन्तर्वार्ता गरिएको थियो । साथै, विश्लेषणका लागि पूर्व-प्रकाशित सामग्री पनि उपयोग गरिएको छ ।

२. पीडित मैत्री कानूनको खोजी

सङ्क्रमणकालीन न्याय प्रक्रिया अगाडि बढाउन कानून आवश्यक थियो । तर कानून निर्माणमा नै धैरै विलम्ब भयो । अझ पीडित मैत्री कानून निर्माणका लागि त पीडितले पटक-पटक सङ्घर्ष गर्नु परेको थियो । व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६६ र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक, २०६६ तत्कालीन सरकारले मस्यौदा गरेर सोही साल सदनमा पेस गऱ्यो । जेठ १४, २०६९ मा पहिलो संविधानसभा विघटन भएसँगै सो विधेयक निस्क्रिय भयो ।

तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले भदौ ११, २०६९ मा बेपत्ता भएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पेस गऱ्यो । तर विरोधको कारण सो अध्यादेश जारी हुन सकेन । संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गराउन प्रधानन्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष भएकै दिन अर्थात् चैत १, २०६९ मा बाबुराम भट्टराईले पेस गरेको अध्यादेश राष्ट्रपतिबाट जारी भयो ।

विभिन्न समयमा सरकारले ल्याएको विधेयक एवं अध्यादेशका प्रावधानहरू संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार कानून साथै अन्तर्राष्ट्रिय मानवीय कानूनविपरीत थिए । आयोगमा आयुक्तको नियुक्ति प्रक्रियामा दलको हस्तक्षेप हुन सक्ने गरी कानूनी छिद्र राखिएको थियो । मानवअधिकार गम्भीर उल्लङ्घनका घटनामा पनि आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने व्यवस्था अन्तर्राष्ट्रिय मानवअधिकार कानून साथै अन्तर्राष्ट्रिय मानवीय कानूनविपरीत थियो । मानवअधिकार गम्भीर उल्लङ्घनको घटनामा अभियोजनका लागि पीडकको पहिचान गर्नेभन्दा पनि मेलमिलापमा जोड दिने गरी आयोगलाई अधिकार दिइएको थियो ।[३]

---

[३] नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय । २०६४ । सत्य निरूपण तथा मेलमिलाप आयोग मस्यौदा विधेयकमाथि टिप्पणी । साउन १६ । https://nepal.ohchr.org/en/resources/Documents/Nepali/pressreleases/Year%202007/AUG2007/Comments%20on%20draft%20Truth%20and%20Reconciliation%20Bill_03_09_07_N.pdf मा उपलब्ध; असार ९, २०८३ मा हेरिएको ।

त्यसैले जारी अध्यादेशविरुद्ध पीडितले चैत ११, २०६९ मा उजुरी दिएपछि सर्वोच्च अदालतले पुस १८, २०७० मा फैसला दियो। अध्यादेशको दफा २३, २५ र २९ का केही प्रावधान संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र सर्वोच्च अदालतका विगतका आदेशको भावनाविपरीत हुने भन्दै अदालतले तिनलाई संशोधन गर्न उक्त फैसलामार्फत नेपाल सरकारको नाममा परमादेश जारी गऱ्यो। यद्यपि, तत्कालीन सरकारले चैत २६, २०७० मा पुरानै अध्यादेशलाई सामान्य हेरफेर गरेर बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७० संसद्मा प्रस्तुत गऱ्यो।[४] अदालतले हटाउन आदेश दिएका प्रावधान राखेरै सो विधेयक सदनबाट वैशाख १२, २०७१ मा पारित भयो। उक्त ऐनप्रति पीडित तथा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) ले गम्भीर प्रश्न उठाएका थिए। किनभने त्यस ऐनमा आममाफी दिने र पीडितको पूर्ण सहमतिबिना नै आयोगले मेलमिलापको प्रक्रिया अगाडि बढाउन सक्ने व्यवस्था थियो। यसले दण्डहिनतालाई थप प्रोत्साहन गर्दथ्यो।[५]

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा हालसम्म तीन पटक संशोधन भइसकेको छ। साउन ३०, २०८१ मा राजनीतिक दलहरूबीच निकै रस्साकस्सीपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ सदनबाट पारित गरियो।[६] ऐनमा सत्य

---

[४] महान्यायाधिवक्ताको कार्यालय। २०७७। अधिवक्ता मिरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, निणर्य नं. ९५५१ - उत्प्रेषण / परमादेश। *सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट जारी भएका प्रतिनिधि आदेशहरूको सङ्ग्रह, २०७७*। पृष्ठ २९०–३१६। काठमाडौँ : महान्यायाधिवक्ताको कार्यालय। https://ag.gov.np/files/महान्यायाधिवक्ताको%20कार्यालय/नजिरहरू/संक्रमणकालीन%20न्यायसम्बन्धी%20नजीर%20संग्रह.pdf मा उपलब्ध; जेठ २३, २०८३ मा हेरिएको।

[५] United Nations Human Rights Office of the High Commissioner. 2014. OHCHR Technical Note: The Nepal Act on the Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation, 2071 (2014) – as Gazetted 21 May 2014. https://redress.org/wp-content/uploads/2018/01/OHCHRTechnical_Note_Nepal_CIDP_TRC_Act2014.pdf मा उपलब्ध; असार ९, २०८३ मा हेरिएको।

[६] यस विधेयकमाथि सदनमा भएको बहसबारे थप जानकारीका लागि हेर्नुहोस् : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)। २०८०। *नेपालको सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माणमा ढिलाइ*। ललितपुर : डीआरसीएन। https://www.democracyresource.org/wp-content/uploads/2023/11/DRCN_Political-Situation-Update-III_Nepals-Stalled-Transitional-Justice-Act-November-2023_Nepali-1.pdf मा उपलब्ध; असार १५, २०८३ मा हेरिएको।

निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोग गरी दुई ओटा आयोग गठन गर्ने व्यवस्था छ । ती आयोगका मुख्य कार्य माओवादी सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्ध अपराधका घटना छानबिन गरी दोषी पत्ता लगाउने, गम्भीर अपराधमा सङ्लग्न व्यक्तिलाई कारबाही सिफारिस गर्ने, पीडितलाई परिपूरणको लागि नेपाल सरकारलाई सिफारिस गर्ने हुन् ।

ऐनअनुसार आयोगका पदाधिकारी सिफारिस गर्न पूर्वप्रधानन्यायाधीशको अध्यक्षतामा पाँच सदस्यीय सिफारिस समिति रहन्छ । त्यसले योग्य व्यक्तिको सूची तयार गरी बढीमा दुई महिनाभित्र पदाधिकारी सिफारिस गरिसक्नुपर्छ ।

ऐनले द्वन्द्वको बेलाको भएको मानवअधिकार उल्लङ्घनलाई दुई वर्गमा विभाजन गरेको छ । पहिलो, मानवअधिकार उल्लङ्घन र दोस्रो, मानवअधिकार गम्भीर उल्लङ्घन । द्वन्द्वमा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानवअधिकारको गम्भीर उल्लङ्घन बाहेकका प्रचलित नेपाल कानून, अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानूनविपरीत गरिएको जुनसुकै कार्यलाई मानवअधिकारको उल्लङ्घन भनेर ऐनले परिभाषित गरेको छ । त्यस्तै, जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा, निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट नियतपूर्वक वा स्वेच्छाचारी हत्या, व्यक्ति बेपत्ता पार्ने कार्यलाई मानवअधिकारको गम्भीर उल्लङ्घन मानेको छ ।

जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा र काबु बाहिरको परिस्थिति परी यसअघि उजुरी दिन छुट भएका पीडितलाई तीन महिनाभित्र उजुरी दिनसक्ने व्यवस्था पनि ऐनको तेस्रो संशोधनपछि थपिएको छ । ऐनअनुसार मानवअधिकारको गम्भीर उल्लङ्घनमा मेलमिलाप हुन सक्दैन तर मानवअधिकार उल्लङ्घनका घटनामा पीडितको स्वतन्त्र सहमतिमा आयोगले मेलमिलाप गराउन सक्नेछ । मानवअधिकारको गम्भीर उल्लङ्घनकर्तालाई क्षमादान नहुने व्यवस्था ऐनले गरेको छ । परिपूरणलाई पीडितको अधिकार भनी स्वीकार गरेको छ । सशस्त्र द्वन्द्वका मुद्दाको कारबाही र किनारा लगाउन तीन सदस्यीय विशेष अदालतको व्यवस्था छ । यद्यपि, तेस्रो संशोधनपछि पनि ऐनका केही दफामा पीडितहरूले विरोध जनाए । जस्तै मानवअधिकार गम्भीर उल्लङ्घनका दोषीलाई प्रचलित कानूनभन्दा ७५ प्रतिशत सजाय

छुट दिने व्यवस्था लगायतमा पीडितको असहमति कायमै छ। ऐनका त्यस्ता व्यवस्थाविरुद्ध पीडितहरूले पुस २१, २०८१ मा सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।[७]

पीडित मैत्री कानून अभावले पनि सङ्क्रमणकालीन न्याय सम्पादन हुन सकेको थिएन। विभिन्न समयमा आएका अध्यादेश, विधेयक तथा ऐनका प्रावधानहरू संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र बेला-बेलामा सर्वोच्च अदालतबाट भएका आदेशविपरीत थिए। पीडित मैत्री कानून निर्माणका लागि पीडित, पीडितका पक्षमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको लामो सङ्घर्षपश्चात् ऐनको तेस्रो संशोधनले पीडितको माग धेरै हदसम्म सम्बोधन गरेको छ। यद्यपि, त्यसमा पनि पीडितका केही असहमति बाँकी नै छन्।

[७] खड्का, घनश्याम। २०८१। सत्य निरूपण ऐन संशोधनविरुद्ध सर्वोच्चमा रिट। *कान्तिपुर*, पुस २२ । https://ekantipur.com/news/2025/01/06/petition-to-the-supreme-court-against-the-amendment-of-the-verdict-act-49-04.html मा उपलब्ध: जेठ २३, २०८३ मा हेरिएको।

३. आयोगमा उजुरी दर्ता र तिनको वर्गीकरण

सत्य निरूपण तथा मेलमिलाप आयोगमा पदाधिकारी नियुक्त भएपश्चात् प्रथम पटक वैशाख ५, २०७३ देखि ६० दिनभित्र प्रत्येक जिल्लाका शान्ति समिति र आयोगको कार्यालयमा उजुरी वा निवेदन दिने व्यवस्था मिलाइयो। त्यसपछि पनि असार २५ देखि साउन २४, २०७४ सम्म एक महिना प्रदेशस्थित आयोगको कार्यालयमा उजुरी दर्ता गरियो। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेस्रो संशोधनको व्यवस्थाअनुसार जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडितलाई जेठ ४, २०८२ मा सूचना प्रकाशन गरी उजुरी आह्वान गरियो। पीडितले आयोग वा जिल्ला सरकारी वकिलको कार्यलयमा उजुरी दिन सक्थे। साथै इमेलमार्फत पनि उजुरी दिन सकिन्थ्यो। सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएका ७९,३९० ओटा उजुरीलाई घटनाको प्रकृतिका आधारमा आयोगले गरेको वर्गीकरण तालिका १ मा देखाइएको छ।

तालिका १ : घटनाको प्रकृतिअनुसार वर्गीकरण

क्र.सं.	घटनाको प्रकृति	सङ्ख्या
१	हत्या	१२,१८३
२	अपहरण तथा शरीर बन्धक	४,७४३
३	अङ्गभङ्ग वा अपाङ्ग	७,१८०
४	शारीरिक तथा मानसिक यातना	२५,४०९
५	बलात्कार तथा यौनजन्य हिंसा	४,२३१
६	सम्पत्ति क्षति	१६,४२२
७	विस्थापित	६,२७१
८	बेपत्ता	६०२
९	विषय नखुलेको	१७५
१०	अन्य	२,१७४
जम्मा		७९,३९०

स्रोत : सत्य निरूपण तथा मेलमिलाप आयोग, २०८३।

ऐनको तेस्रो संशोधनपछि जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसासम्बन्धी ३,९१७ ओटा थप उजुरी दर्ता भएका थिए। त्यसअघि त्यस्ता घटनासम्बन्धी ३१४ उजुरी मात्रै थिए। पहिलो चरणमा भन्दा करिब १३ गुणा बढी उजुरी पछिल्लो पटक परेको थियो र कुल उजुरी सङ्ख्या ४,२३१ पुगेको छ। द्वन्द्वकालका जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनालाई आयोगमा दर्ता गराउन द्वन्द्वपीडितका लागि काम गर्ने विभिन्न सङ्घसंस्थाले सहजीकरण गरेका छन्। "पीडित तिमी मात्रै होइन, हामी धेरै छौँ भन्ने जस्ता सन्देश दिने" गरी आफूजस्तै पीडितहरूले शुरूआत गरेको अभियान र कानूनी स्पष्टताले पनि घटना अगाडि ल्याउनुपर्छ भन्ने हौसला थपेको बताउँछिन् पीडित तथा अभियन्ता देवी खड्का।[८] "समयक्रममा पीडितमा पनि यो मेरो गल्ती होइन त्यसैले मैले न्याय पाउनुपर्छ" भन्ने बुझाइले थप पीडितहरूले आफ्ना मुद्दा उठाउन थालेको द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालमा जोडिएकी पीडित तथा अभियन्ता सुमित्रा चौधरीको तर्क छ।[९]

त्यस्तै, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २०७१ सालमा स्थापना भएसँगै विभिन्न समयमा बेपत्ता पारिएका व्यक्तिको परिवारबाट उजुरी आह्वान गरिएको थियो। वैशाख २, २०७२ देखि पुस ९, २०७८ सम्म ६ पटक आह्वान गरेर उजुरी सङ्कलन गरिएको थियो।

तालिका २ : बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरी

क्र.स.	विवरण	उजुरी सङ्ख्या
१	आयोगमा दर्ता भएका कुल उजुरी	३,३५८
२	छानबिन भई फछ्र्यौट भएका उजुरी	७५६
	सत्य निरूपण तथा मेलमिलाप आयोगमा पठाएको उजुरी	२८०
	दोहरो उजुरी परेकोमा लगत कट्टा गरी एउटै उजुरी कायम गरिएको	१३९
	तामेलीमा राखिएको उजुरी	३३७
३	विस्तृत छानबिनको लागि आयोगबाट निर्णय भएको उजुरी	२,६०२
४	उजुरीका आधारमा बेपत्ता पारिएका व्यक्ति	२,६१७
५	नयाँ दर्ता उजुरी सङ्ख्या	७०

स्रोत : बेपत्ता परिएको व्यक्तिको छानबिन आयोग, २०८३।

[८] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी।

[९] चौधरीले जेठ २६–२७, २०८३ मा काठमाडौँमा आयोजित दोस्रो राष्ट्रिय स्मृति सम्मेलन - २०८३ मा व्यक्त गरेको अनुभव।

बेपत्ता आयोगमा दर्ता भएका ३,३५८ उजुरीमध्ये ७५६ उजुरी छानबिनपछि फछर्यौट भए। बाँकी भएका २,६०२ उजुरीका आधारमा बेपत्ता व्यक्तिको सङ्ख्या २,६१७ छ। आयोगका सूचना अधिकारीका अनुसार कसै-कसैले एकभन्दा बढी व्यक्ति बेपत्ताको उजुरी दिएकोले उजुरीभन्दा बेपत्ताको सङ्ख्या बढी भएको हो।[१०] वैशाख ३१, २०८२ मा आयुक्त नियुक्त भएपश्चात् थप ७० उजुरी दर्ता भए।

बेपत्ता छानबिन आयोगले उजुरीलाई चार समूहमा वर्गीकरण गरेको छ। ती हुन् : आरोपित खुलेको, आरोपित नखुलेको तर घटना सशस्त्र द्वन्द्वसँग सम्बधित भनी पुष्टि भएको, बेपत्ता पारिएको भनी उजुरी परे पनि सशस्त्र द्वन्द्वसँग सम्बन्धित भएको प्रमाण संलग्न नभएको र आवधिक बेपत्ता पारिएको। दुवै आयोगले उजुरी वा निवेदन उपर प्रारम्भिक कारबाहीमात्र अगाडि बढाएका छन् जसअन्तर्गत उजुरी दिएका पीडित र साक्षीसँग थप जानकारी लिनुका साथै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा कुनै प्रमाण छ भने पठाउन पत्रचार गर्ने जस्ता काम पर्छन्।

[१०] ती सूचना अधिकारीसँग जेठ १८, २०८३ मा गरिएको कुराकानी।

४. पीडितको आँखामा सङ्क्रमणकालीन न्याय

नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियालाई पीडितकेन्द्रित बनाउने प्रतिबद्धता बारम्बार दोहोरिए पनि पीडितहरूको अनुभवले फरक यथार्थ प्रस्तुत गर्दछ । यस अध्ययनका क्रममा पीडित, अभियन्ता तथा अध्येताहरूसँग गरिएको अन्तर्वार्ताबाट आयोगप्रतिको अविश्वास, सहभागिताको अभाव, राजनीतिक हस्तक्षेप र प्रक्रियाप्रतिको निराशा प्रमुख रूपमा अभिव्यक्त भएको पाइयो । शान्ति प्रक्रिया थालिएको दुई दशक बित्न लाग्दा पनि सङ्क्रमणकालीन न्याय सम्पादन हुन सकेको छैन । दुवै आयोगमा थुप्रिएका ८० हजारभन्दा बढी उजुरीको सार्थक टुङ्गो लागेको छैन । घटनाको अनुसन्धान, प्रमाण सङ्कलन, आरोपित व्यक्तिको बयान, दोषी पहिचान तथा कारबाही र पीडितलाई परिपूरणसम्बन्धी सिफारिसजस्ता आधारभूत काम अझै अपूरो रहनुले आयोगप्रति विश्वास कमजोर बनाएको छ । समय बित्दै जाँदा प्रमाण सङ्कलन, पीडक पहिचान र सत्य स्थापना नै कठिन बन्दै गएको पीडित पक्षको गुनासो छ ।

सङ्क्रमणकालीन न्याय संवेदनशील र जटिल राजनीतिक विषय भएकाले विभिन्न पक्षका स्वार्थ र शक्ति-सन्तुलनले यसलाई थप पेचिलो बनाएको छ । विशेषतः कानूनी तथा नीतिगत अन्योल लम्बिँदा प्रक्रिया अघि बढ्न सकेन । ऐनको तेस्रो संशोधन अघिसम्म मानवअधिकार गम्भीर उल्लङ्घनका घटनामा समेत क्षमदानको व्यवस्था थियो र यसले पीडित समुदायमा न्यायप्रतिको आशा र विश्वास थप कमजोर बनाएको थियो । साथै, न्यायको लामो प्रतीक्षाले पीडितहरूको प्राथमिकता पनि परिवर्तन गरेको देखिन्छ । सत्य अन्वेषण र दोषीलाई दण्डित गर्ने मागसँगै उनीहरूले परिपूरण, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, जीविकोपार्जन तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिततालाई पनि न्यायको अभिन्न पक्ष मान्दै प्राथमिकतामा राख्न थालेका छन् । यस सन्दर्भमा यो खण्डले एकतर्फ पीडित सहभागिता र आयोगप्रतिको अविश्वासको प्रश्न तथा अर्कोतर्फ न्याय, परिपूरण र दैनिक जीवनका सङ्घर्ष बीचको सम्बन्धलाई पीडितको दृष्टिकोणबाट विश्लेषण गर्दछ ।

४.१. पीडित सहभागिता र आयोगप्रतिको अविश्वास

नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियाले सिद्धान्ततः 'पीडित केन्द्रित' भन्ने अन्तर्राष्ट्रिय मान्यता स्वीकारे पनि व्यवहारमा त्यस्तो छैन। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनदेखि पदाधिकारी चयन, कानून निर्माण, उजुरी व्यवस्थापन तथा अनुसन्धान प्रक्रियामा पीडितको अर्थपूर्ण सहभागिता नभएको गुनासो पीडितहरूको थियो। यही बहिष्करण र असंवेदनशीलताले आयोगप्रति गहिरो अविश्वास निर्माण गरेको उनीहरूको बुझाइ थियो।

नेपालको द्वन्द्वपीडित न्याय आन्दोलनका एक अगुवा तथा मानवअधिकारकर्मी रामकुमार भण्डारीका अनुसार आयोग गठनको प्रारम्भिक चरणदेखि नै पीडितहरूले आयुक्त नियुक्ति प्रक्रियामा असन्तुष्टि व्यक्त गर्दै आएका थिए। उनका शब्दमा, "राजनीतिक दलहरूले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका लागि आयुक्त सिफारिस गर्दा वा सिफारिस समिति गठन गर्दा 'पीडितमैत्री' प्रावधानलाई पर्याप्त महत्त्व दिएनन्। आयोगको नेतृत्व र आयुक्त छनोटको मापदण्ड नै यस्तो बनाइयो, जसले वास्तविक द्वन्द्वपीडितको विश्वास जित्न सकेन।"[११] पीडित पक्षले सङ्क्रमणकालीन न्यायको सम्पूर्ण प्रक्रियामा पीडितलाई केन्द्रमा राख्नुपर्ने र आयोग गठन तथा कार्यसम्पादनमा उनीहरूसँग अर्थपूर्ण परामर्श हुनुपर्ने तथा उनीहरूको आवाज र सरोकारलाई समेट्नुपर्ने माग गर्दै आएको थियो। तर आयोग गठनमा पर्याप्त परामर्श नभएकाले विश्वास निर्माण हुन सकेन भन्दै पीडितले आफू सम्बद्ध सङ्घसंस्थाहरूमार्फत आयोगको कामकारबाही बहिष्कार गर्ने विज्ञप्तिसमेत सार्वजनिक गरेका थिए।

यद्यपि, आयोगमा पीडितहरूको प्रत्यक्ष प्रतिनिधित्व वा पीडित समुदायको सहमति भएमात्र पीडितकेन्द्रित मानिने नत्र नमानिने भन्ने हुँदैन भन्ने मत पनि पाइन्छ। सङ्क्रमणकालीन न्यायका अनुसन्धानकर्ता नवीन विभासका अनुसार आयोगमा नियुक्त हुने व्यक्तिहरू द्वन्द्वपीडित नै हुनुपर्छ भन्ने छैन। उनका अनुसार मुख्य प्रश्न आयोगको संरचना र कार्यप्रणालीले पीडितको अधिकार, आवाज र आवश्यकतालाई कति प्रभावकारी रूपमा सम्बोधन गर्न सक्यो भन्ने हो। आयोगमा विषयगत ज्ञान र अनुसन्धान क्षमता भएका मानवअधिकारप्रति प्रतिबद्ध व्यक्ति आवश्यक भएकाले सबै प्रतिनिधित्व आयुक्तको पदसँग मात्र जोडेर हेर्न नहुने उनको तर्क छ। तर त्यस्तो अवस्थामा पनि नियुक्ति प्रक्रिया निष्पक्ष, पारदर्शी र राजनीतिक पूर्वाग्रहबाट मुक्त

[११] भण्डारीसँग वैशाख २३, २०८३ मा गरिएको कुराकानी।

हुनुपर्ने तथा पीडित समुदायसँग पर्याप्त परामर्श, विश्वासको सम्बन्ध र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्नेमा उनी जोड दिन्छन् ।[१२]

त्यसैगरी, वरिष्ठ अधिवक्ता राजुप्रसाद चापागाईंका अनुसार आयोगमा पीडित प्रतिनिधि नराखिनु मात्र समस्याको मूल कारण होइन, बरु नियुक्ति प्रक्रिया राजनीतिक दलहरूको नियन्त्रणमा सीमित हुनु ठूलो चुनौती हो । उनका अनुसार आयोगका सदस्यहरू पीडित समुदायबाट नभए पनि स्वतन्त्र, निष्पक्ष र पीडितप्रति उत्तरदायी हुन सक्थे । तर नेपालमा आयोग गठनको प्रक्रियाले पीडित समुदायलाई विश्वासमा लिन सकेन । चापागाईंका अनुसार सङ्क्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय अभ्यासले पनि आयोगलाई पीडितहरूले अपनत्व महसुस गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिन्छ, किनकि पीडितको सहभागिताबिना कुनै पनि न्याय प्रक्रिया वैधानिक रूपमा स्थापित हुन कठिन हुन्छ ।[१३]

आयोगहरूमा पटक-पटक पदाधिकारी रिक्त रहँदा अनुसन्धान तथा छानबिन प्रक्रिया अवरुद्ध भयो र आयोगको काम प्रभावकारी हुन सकेन । बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनको तेस्रो संशोधनपछि पदाधिकारी नियुक्ति प्रक्रिया अघि बढाइए पनि द्वन्द्वपीडितको ठूलो समूह त्यसप्रति असन्तुष्ट रह्यो । द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीका अनुसार सरकारद्वारा ऐन संशोधनपछि पदाधिकारी सिफारिसका लागि गठन गरिएको समितिले पीडित समुदायसँग कुनै परामर्श नगरी तुरुन्तै सङ्क्षिप्त सूची तयार गरेको थियो ।[१४] यसले गर्दा छनोट प्रक्रिया पूर्वनिर्धारित जस्तो भएको उनको आरोप छ । उनका अनुसार आवेदन माग गरेको भोलिपल्टै सूची तयार हुनु र छनोटका आधार तथा मापदण्ड सार्वजनिक नगरिनुले सिफारिस प्रक्रिया अपारदर्शी भएको स्पष्ट सङ्केत दिन्छ । यसप्रति द्वन्द्वपीडित र मानवअधिकार समुदायले गम्भीर आपत्ति जनाउँदै प्रक्रिया पुनरावलोकनको माग गरेका थिए, अन्यथा समानान्तर सत्य निरूपण आयोग गठन गर्न सकिने चेतावनीसमेत दिएका थिए ।[१५]

---

[१२] विभाससँग जेठ ५, ३०८३ मा गरिएको कुराकानी ।

[१३] चापागाईंसँग जेठ १५, २०८३ मा गरिएको कुराकानी ।

[१४] अधिकारीसँग वैशाख २५, २०८३ मा गरिएको कुराकानी ।

[१५] खड्का, घनश्याम । २०८२ । सङ्क्रमणकालीन न्यायका लागि समानान्तर आयोग बनाउनेसम्मको चेतावनी । *कान्तिपुर*, वैशाख २४ । https://ekantipur.com/news/2025/05/07/a-warning-to-the-creation-of-a-parallel-commission-for-transitional-justice-51-02.html मा उपलब्ध; जेठ २९, २०८३ मा हेरिएको ।

असन्तुष्ट पक्षले पदाधिकारी छनोटविरुद्ध अदालतमा मुद्दा दायर गर्दै आयोगसँग समन्वय र सहभागिताबाट अलग रहने नीति अपनाएको थियो । यी घटनाक्रमले द्वन्द्वपीडित समुदायको विश्वास कमजोर बनाएको मात्र होइन, उनीहरूको सक्रिय सहभागितामै असर पार्दै आयोगहरूको वैधता र विश्वसनीयतामाथि पनि प्रश्न खडा गरेको देखिन्छ । प्रारम्भिक चरणमा पीडितहरूले आलोचनात्मक सहकार्यको नीति अपनाएका थिए । अर्थात् आयोगले राम्रो काम गरे सहयोग गर्ने र गलत गरे आलोचना गर्ने तिनको नीति थियो । तर पछिल्लो नियुक्ति अत्यधिक राजनीतिक भएपछि पीडितहरू आलोचनात्मक सहकार्यबाट 'पूर्ण बहिष्कार' मा पुगे ।

द्वन्द्वपीडित अभियन्तामध्ये भागिराम चौधरीको मत भने फरक छ । उनी आयोगसँग 'आलोचनात्मक सहकार्य' आवश्यक रहेको तर्क गर्छन् ।[१६] उनका अनुसार अत्यधिक विरोध र बहिष्कारले प्रक्रिया झन् जटिल बनायो । उनी भन्छन्, "डेलिभरीमा ध्यान दिनुपर्थ्यो, व्यक्ति हेरेर विरोध भयो ।" उनका अनुसार भुइँतहका धेरै पीडितलाई आयोगको प्रक्रियाबारे पर्याप्त जानकारी नै छैन र उनीहरूलाई न्यायको सैद्धान्तिक बहसभन्दा दैनिक जीवनको राहत, सामाजिक सुरक्षा र व्यावहारिक सहयोग बढी आवश्यक छ । यसले पीडित समुदाय एकरूप छैन र तिनको वर्गीय, सामाजिक र आर्थिक अवस्थाअनुसार प्राथमिकता पनि फरक-फरक छ भन्ने देखाउँछ ।

पीडित सहभागिता र आयोगप्रतिको विश्वाससम्बन्धी बहसको केन्द्रमा आयोगले "कसलाई पीडित मान्छ ?" भन्ने प्रश्न पनि जोडिन्छ । सङ्क्रमणकालीन न्यायका अध्येता रूकमणी महर्जनका अनुसार आयोगले पीडित व्यक्ति र तिनका सङ्घसंस्थासँग सम्बन्ध तथा भूमिकाबारे स्पष्ट दृष्टिकोण विकास गर्न नसक्दा कार्यान्वयन तहमा द्विविधा उत्पन्न भएको छ ।[१७] आयोगले पीडित व्यक्तिसँग सरोकार रहेको दाबी गरे पनि व्यवहारमा धेरै पीडितहरूले आफ्ना उजुरी र गुनासा तिनै सङ्घसंस्थामार्फत आयोगसम्म पुऱ्याएका छन् । तर यस्ता सङ्घसंस्थाहरूसँग आयोगको औपचारिक संवाद र समन्वय कमजोर हुँदा पीडित समुदायभित्र असन्तोष बढेको छ र अधिकांश पीडित सम्बद्ध सङ्घसंस्थाहरूले आयोगको वैधता र न्याय प्रक्रियामाथि प्रश्न उठाएका छन् । यसले सहभागिताको प्रश्न केवल उपस्थितिमा सीमित नरही न्याय प्रक्रियामाथिको अपनत्व र विश्वाससँग जोडिएको देखाउँछ ।

---

[१६] चौधरीसँग जेठ १०, २०८३ मा गरिएको कुराकानी ।

[१७] महर्जनसँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी

यसको विपरीत सत्य निरूपण तथा मेलमिलाप आयोगका कर्मचारी नरेश पुडासैनी आयोगको केन्द्रमा पीडित व्यक्ति नै रहेको तर्क गर्छन् ।[१८] उनका अनुसार सङ्घसंस्थामार्फत उजुरी आए पनि ती व्यक्तिगत रूपमा दर्ता गरिन्छन् र प्रत्येक मुद्दालाई स्वतन्त्र दृष्टिले हेरिन्छ । आयोगले संस्थाभन्दा प्रत्यक्ष पीडितलाई प्राथमिकता दिनुपर्ने धारणा उनको छ, किनकि सङ्क्रमणकालीन न्यायको मूल उद्देश्य नै पीडित र तिनको परिवारको सत्य जान्ने अधिकार, न्याय र परिपूरण सुनिश्चित गर्नु हो । यद्यपि, उनका अनुसार आयोगले पीडित सम्बद्ध सङ्घसंस्थाहरूको भूमिकालाई अस्वीकार गर्दैनन्; बरु ती संस्थाहरूले कानूनी सहायता, मनोसामाजिक सहयोग र नीतिगत पैरवीमार्फत पीडितको आवाजलाई प्रवाह गर्ने सहायक संरचनाका रूपमा काम गर्न सक्ने बताउँछन् ।

यी दुई दृष्टिकोणबीचको अन्तरले सङ्क्रमणकालीन न्यायमा पीडित प्रतिनिधित्वको स्वरूपसम्बन्धी महत्त्वपूर्ण बहसलाई उजागर गर्छ । एकातर्फ, न्याय प्रक्रियाको वैधता र अपनत्व सुनिश्चित गर्न सङ्गठित पीडित समुदाय तथा तिनका सङ्घसंस्थाहरूसँग अर्थपूर्ण संवाद आवश्यक रहेको तर्क छ । अर्कोतर्फ, न्यायको केन्द्रविन्दु प्रत्यक्ष पीडित व्यक्ति नै हुनुपर्ने र सङ्गठनहरूको भूमिका सहजीकरण तथा वकालतमा सीमित रहनुपर्ने धारणा प्रस्तुत गरिएको छ । यसले न्याय प्रक्रियाको वैधता व्यक्तिगत सहभागिताबाट स्थापित हुन्छ कि सङ्गठित पीडित समुदायको स्वीकृति र अपनत्वबाट भन्ने मूलभूत प्रश्न अगाडि ल्याएको छ ।

समग्रमा, नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियामा पीडित सहभागिता बहसमा सीमित रह्यो, व्यवहारमा स्थापित हुन सकेन । आयोगहरूले पीडितलाई ‘केन्द्र’ मा राखेको दाबी गरे पनि निर्णय प्रक्रियामा उनीहरूको स्वामित्व झल्किएन । आयोग गठन र सञ्चालनमा राजनीतिक हस्तक्षेप, अपारदर्शी नियुक्ति, संवेदनशीलताको अभाव, यौन हिंसाका पीडितप्रतिको असंवेदनशील व्यवहार तथा दीर्घकालीन परिणामविहीनताले आयोगप्रतिको अविश्वास संस्थागत रूपमै गहिरो बनायो । फलस्वरूप धेरै पीडितहरूले आयोगलाई न्याय दिने निकायभन्दा ‘राजनीतिक व्यवस्थापनको संरचना’ का रूपमा हेर्न थालेका छन् (सङ्क्रमणकालीन न्यायमा राजनीतिक प्रभावबारे हेर्नुहोस् खण्ड ५) ।

[१८] पुडासैनीसँग जेठ २०, २०८३ मा गरिएको कुराकानी ।

४.२. राहत, परिपूरण र दैनिक जीवनको सङ्घर्ष

नेपाल सरकारले मृतक तथा बेपत्ता पारिएका व्यक्तिका आफन्तलाई अन्तरिम राहतस्वरूप पटक-पटक गरेर १० लाख रूपैया प्रदान गरेको छ । घाइते तथा विस्थापित लगायतका द्वन्द्वपीडितका लागि न्यून आर्थिक राहत प्रदान गरेको छ । तर यातना, कुटपिट, बलात्कार र यौनजन्य हिंसाका पीडितलाई सरकारको अन्तरिम राहत कार्यक्रमले समेटेन । निश्चित प्रकारका पीडितलाई राहतमा समावेश नगरिएकोमा अन्तरिम राहत कार्यक्रमको आलोचना हुँदै आएको छ ।[१९] मृतक तथा बेपत्ता परिवारलाई किस्ता-किस्तामा दिइएकोले अन्तरिम राहतले जीविकोपार्जनमा कुनै मद्दत नगरेको बरु त्यस्तो कार्यले पीडितलाई अपमानित गरेको बुझाइ द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष सुमन अधिकारीको थियो ।[२०] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले पाँच चरणमा ५५१ जनालाई राहत वितरणको लागि सिफारिस गरे पनि हालसम्म दोस्रो चरणमा सिफारिस भएका ९३ जनाले मात्र राहत पाएका छन् । ४५८ जनाले अहिलेसम्म राहत पाउन सकेका छैनन् ।[२१]

नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियामा 'न्याय' भन्ने शब्द पीडितका लागि केवल कानूनी कारबाही वा दोषी पहिचानको प्रश्न मात्र रहेन; यो उनीहरूको दैनिक जीवन, जीविकोपार्जन, सामाजिक सम्मान, स्वास्थ्य, सम्पत्ति, मनोसामाजिक अवस्थासँग पनि गाँसिएको छ । परिपूरणलाई द्वन्द्वपीडितको अधिकार भनी कानूनले नै स्वीकार गरेको छ । आयोगले प्रारम्भिक छानबिन गरिसकेपछि यथाशीघ्र पीडितलाई मनोसामाजिक परामर्श, अन्तरिम राहत, राहत तथा क्षतिपूर्ति प्रदान गर्न र पुनर्स्थापनाको उपयुक्त व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्छ । पीडित वा उसको परिवारका कुनै सदस्यलाई निःशुल्क शिक्षा तथा स्वास्थ्य उपचार, सीपमूलक तालिम, बिनाब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण, रोजगार लगायतको परिपूरण दिन आयोगले नेपाल सरकारलाई सिफारिस गर्न सक्छ । नेपाल सरकारले राहत, परिपूरण लगायतका कार्यका लागि १ अर्ब रूपैयाँको कोष निर्माण गरेको छ । सो कोषमा स्वीस सरकारले पनि आर्थिक सहयोग उपलब्ध गराउने सम्झौता नेपाल सरकारसँग भएको छ ।

---

[१९] द्वन्द्वपीडित साझा चौतारी, नेपाल । २०७५ । *नेपालको सशस्त्र द्वन्द्वका पीडितहरूको परिपूरणीय आवश्यकता, अधिकार र माग वकालतपत्र* । स्थान उल्लेख नभएको : द्वन्द्वपीडित साझा चौतारी, नेपाल ।

[२०] अधिकारीसँग वैशाख २५, २०८३ मा गरिएको कुराकानी ।

[२१] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल । २०८२ । *सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको* । काठमाडौँ : बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल ।

तालिका ३ : राहत वितरण

क्र.सं.	द्वन्द्वपीडित र राहतको प्रकार	निवेदकको सङ्ख्या	२०७४ असारसम्म राहतको सङ्ख्या	कैफियत
१.	मृतकका हकदारलाई राहत (रू. एक लाखको दरले)	१८,०७६	१४,४१८	एक पटक
२.	सर्वसाधारण मृतकका एकल महिलालाई राहत (रू. २५ हजारका दरले)	९,०००	४,६४९	एक पटक
३.	बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रू. एक लाखको दरले)	१,७३०	१,५३०	एक पटक
४.	विस्थापित भएकालाई आर्थिक सहायता (रू. १० हजारदेखि एक लाखसम्म)	८२,६६१	७९,५७१	एक पटक
५.	व्यक्तिगत सम्पत्ति क्षतिमा आर्थिक सहायता	१७,४८४	९,२९४	एक पटक
६.	अङ्गभङ्ग, अपाङ्ग भएकालाई आर्थिक सहायता	८,१९१	८,१९१	एक पटक
७.	अपहरणमा परेका व्यक्तिलाई राहत (रू. २५ हजारका दरले)	५,६५९	५,६५९	एक पटक
८.	५१ प्रतिशतभन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता (प्रतिमहिना रू. ६ हजारका दरले)	७४४	७४४	नियमित (मासिक)
९.	आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई राहत	७५८	७५८	
१०.	विशेष राहत			
क.	मृतक तथा बेपत्ताका हकदारलाई आर्थिक सहायता रू. ५ लाख	१८,०७६	१६,३३८	एक पटक
ख.	बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई थप आर्थिक सहायता (रू. २५ हजारका दरले)	१,०००	६५३	एक पटक
ग.	रू. ५ लाख प्राप्त मृतक तथा बेपत्ताका हकदारलाई रू. १० लाख पुऱ्याउने गरी थप आर्थिक सहायता	१८,२७६	१६,३३८	एक पटक

स्रोत : द्वन्द्वपीडित साझा चौतारी, नेपाल । २०७५ । नेपालको सशस्त्र द्वन्द्वका पीडितहरूको परिपूरणीय आवश्यकता, अधिकार र माग वकालतपत्र । स्थान उल्लेख नभएको : द्वन्द्वपीडित साझा चौतारी, नेपाल ।

द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष सुमन अधिकारीका अनुसार अहिले धेरै पीडित पीडा, अभाव, अन्याय, मनोसामाजिक समस्या र सामाजिक बहिष्करणबीच जीवन बिताइरहेका छन् ।[२२] उनको भनाइमा शान्ति सम्झौताले न्याय, सत्य र पुनर्स्थापनाको प्रतिज्ञा गरे पनि राज्यले पीडितको वास्तविक जीवनस्थितिलाई प्राथमिकतामा राखेन । उनका अनुसार धेरै पीडितहरू साधारण जीवन निर्वाहका लागि समेत कठिन सङ्घर्ष गर्नुपर्ने अवस्थामा भएकाले उनीहरू अब सत्य पत्ता लगाउन धेरै समय बितिसक्यो, परिपूरण नै मुख्य समाधानको बाटो हुन सक्छ भन्ने निष्कर्षमा पुग्न लागेका छन् । तर विडम्बना राज्यबाट दिइने परिपूरण शुरू नै हुन सकेको छैन । अन्तरिम राहत र परिपूरणबीच नीतिगत स्पष्टतासमेत नभएको पाइन्छ । यसले राज्य र द्वन्द्वपीडितबीच भविष्यमा असमझदारी बढ्न सक्छ । यस अध्ययनको क्रममा अन्तर्वार्ता गरिएका राजनीतिक दलका प्रतिनिधिहरूले भने अन्तरिम राहतलाई नै परिपूरण भनेर व्याख्या गरेका थिए । तर पीडितहरू भने नीतिगत हिसाबले परिपूरण नभनिएको र राज्यले पीडितको पहिचान पनि नदिएकोले अन्तरिम राहतलाई आर्थिक सहयोगमात्रै मान्नुपर्ने तर्क गर्छन् ।

सर्वोच्च अदालतले पनि परिपूरण लगायतका विषयमा अविलम्ब व्यवस्था गर्न आदेश जारी गर्दै यस्तो भनेको छ, "...अभियोजनले मात्र मानवअधिकार उल्लङ्घनका घटनाका पीडितको मागलाई पूरा गर्न सक्दछ भन्न सकिँदैन । त्यसैले निर्णय गर्दा पीडित र सम्बन्धित पक्षको चासोलाई केन्द्रमा राख्नुपर्छ । सत्य उद्घाटन नगरिकन र परिपूरणको प्रयास नगरिकन पीडकको सानो हिस्सालाई मात्र दण्डित गर्दा राजनीतिक प्रतिशोध झल्किन्छ ।"[२३] भुइँ तहका सामाजिक र आर्थिक रूपमा कमजोर पीडित परिवारको लागि सत्य पत्ता लगाउनुभन्दा जीवन निर्वाह गर्नु बढी महत्त्वपूर्ण बन्दै गएको छ । यही यथार्थलाई औँल्याउँदै द्वन्द्वपीडित भागिराम चौधरी भन्छन्, "न्याय पाउन धेरै ढिला भयो, त्यसैले उनीहरूले आयोगलाई विश्वास गर्न छोडिसके । त्यसैले बेपत्ता व्यक्तिमध्ये कतिपयका परिवारले सत्य खोजीको साटो मृत्यु दर्ता गराउन थालिसके ।"[२४] साथै, उनी थप स्पष्ट पार्दै भन्छन्, "हजार-पन्ध्र सय रूपैयाँ मासिक भत्ता भइदिएको भए पनि उनीहरूका लागि ठूलो कुरा हुन्थ्यो ।" आयोगले गरेको परिपूरणको

[२२] अधिकारीसँग वैशाख २५, २०८३ मा गरिएको कुराकानी ।

[२३] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल । २०७९ । *सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट भएका आदेशहरू* । ललितपुर : बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल ।

[२४] चौधरीसँग जेठ १०, २०८३ मा गरिएको कुराकानी ।

सिफारिसलाई सरकारले बेवास्ता गर्दा पीडितमा आयोगप्रति विश्वासनीयता नै धराशयी भएको बेपत्ता छानबिन आयोगका सूचना अधिकारी गंगा भट्टराई सुवेदीले बताइन् ।[२५]

स्थानीय तह र प्रदेशले केही सीमित सहयोग कार्यक्रम अघि सारेका छन् । उदाहरणका लागि, काभ्रेको चौरीदेउराली गाउँपालिकाले ३६ जना पीडितलाई आर्थिक सहयोग गरेको, गण्डकी प्रदेशले स्वास्थ्य उपचारमा सहायता गरेको तथा बर्दिया र रोल्पाका केही पालिकामा शहिद तथा बेपत्ताको स्मृतिसम्बन्धी कार्यअन्तर्गत विद्यालयका पाठ्यक्रममा उनीहरूको कथावस्तु समावेश गरिएको पाइन्छ । आयोगले सबै स्थानीय तह र सातै प्रदेशसँग तिनले कस्तो परिपूरण तथा राहत व्यवस्था गरेका छन् भनेर तथ्याङ्क सङ्कलन गर्न खोजे पनि एकीकृत तथ्याङ्क पाउन नसकिएको सत्य निरूपण आयोगका उपसचिव ईश्वरी तिवारीले बताए ।[२६] एकीकृत तथ्याङ्क भएमा राहत दोहोरिँदैनथ्यो र कुन तहले परिपूरणको क्षेत्रमा कसरी कार्य गरिरहेको छ भन्ने जानकारी पाउन सजिलो हुन्थ्यो ।

आयोगको सिफारिसअनुसार राज्यले द्वन्द्वपीडितलाई परिपूरणको व्यवस्था अविलम्ब गर्नु पर्छ । फरक-फरक पीडितका फरक आवश्यकता हुन सक्छन् । सोबारे पीडितसँगै बुझ्न आवश्यक छ । रोजगारी, सीप र शिक्षाजस्ता परिपूरणलाई बजारको मागअनुसार दिन सके अझ प्रभावकारी हुन्छ । राज्यले त्यता पनि ध्यान दिन आवश्यक छ ।

---

[२५] सुवेदीसँग जेठ १८, २०८३ मा गरिएको कुराकानी ।

[२६] तिवारीसँग जेठ २०, २०८३ मा गरिएको कुराकानी ।

५. राजनीतिको छायाँमा सङ्क्रमणकालीन न्याय

माओवादीको सशस्त्र सङ्घर्षबाट शान्तिपूर्ण रूपान्तरणको प्रक्रिया कुनै एउटा पक्षको जित वा हार नभएर राज्य र विद्रोहीबीच सम्झौतामा टुङ्गिएको थियो । विद्रोह जित वा हारको टुङ्गोमा पुग्दा हार्ने पक्षलाई उत्तरदायी बनाउन सहज हुन्छ, तर जब विद्रोह सम्झौतामा टुङ्गिन्छ एउटा पक्षलाई मात्र उत्तरदायी बनाउन कठिन हुन्छ । विद्रोह र शान्ति प्रक्रिया दुवैको बीजारोपणमा राजनीति नै मुख्य कारण थियो । नेपालको सङ्क्रमणकालीन न्यायलाई राजनीतिबाट पूर्णतः अलग गरेर द्वन्द्वका घटनालाई सामान्य घटनाजसरी नै अभियोजनको विषय बनाइनुपर्छ भन्ने एक थरी सरोकारवाला छन् । अर्कोथरी त्यसलाई राजनीतिबाट मात्र निर्देशित र नियन्त्रित गरेर मेलमिलाप र क्षमादानको विषय बनाउन चाहन्छन्, जुन न्यायको स्थापित मान्यताविपरीत छ । यी दुई अतिवादी धारबीच नेपालको सङ्क्रमणकालीन न्यायले गति लिन सकेको छैन ।[२७]

राजनीतिक दलहरू सरकारमा रहँदा र प्रतिपक्षी हुँदा सङ्क्रमणकालीन न्यायसम्बन्धी अडान र एजेण्डा नै फरक पर्ने गरेको छ । विद्रोही माओवादीले नै पटक-पटक सरकारको नेतृत्व गर्दा पनि सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन विशेष पहल नलिएको पीडितहरूको आरोप छ । दश वर्षे द्वन्द्वमा प्रत्यक्ष जोडिएका दलमध्ये नेपाली कांग्रेस र तत्कालीन नेकपा (माओवादी केन्द्र) बीच सङ्क्रमणकालीन न्यायको सन्दर्भमा प्रायः समान धारणा हुन्थ्यो भने नेकपा (एमाले) भने तटस्थ वा स्वार्थअनुसार फरक रणनीतिमा देखिने गरेको नेकपा (माओवादी केन्द्र) का नेता वर्षमान पुनको आरोप छ ।[२८] सङ्क्रमणकालीन न्यायको विश्वव्यापी अभ्यासअनुसार सबैलाई क्षमादान हुँदैन । द्वन्द्वकालमा सरकारको नेतृत्व गरेको नेपाली कांग्रेस र विद्रोही पक्ष माओवादीको जोड भने क्षमादान र मेलमिलापमा थियो । अर्कोतर्फ, उक्त समयमा सरकारको नेतृत्व नगरेको नेकपा (एमाले) को प्राथमिकता अभियोजनतर्फ हुन्थ्यो ।

---

[२७] भट्ट, माधवी । २०७६ । सङ्क्रमणकालीन न्यायको राजनीतिक आयाम । *कान्तिपुर*, असार १७ । https://ekantipur.com/opinion/2019/07/02/156203328792688368.html मा उपलब्ध; जेठ २९, २०८३ मा हेरिएको ।

[२८] पुनसँग जेठ १५, २०८३ मा गरिएको कुराकानी ।

यद्यपि, नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय अभ्यासभन्दा फरक बहस पैरवी भएको छ। आयोगमा दर्ता भएका प्रत्येक निवेदन वा उजुरी उपर छुट्टाछुट्टै अनुसन्धान हुनुपर्ने बुझाइ देखिन्छ। तर वरिष्ठ अधिवक्ता राजुप्रसाद चापागाईंका अनुसार, अन्तर्राष्ट्रिय अभ्यासमा सत्य आयोगहरू मुख्यतः द्वन्द्वकालीन हिंसाका प्रवृत्ति र संरचनागत स्वरूप पहिचान गर्न केन्द्रित हुन्छन्। उनी प्रस्ट्याउँदै भन्छन्, "पीडितका साक्ष्य र अनुभवका आधारमा हिंसाका ढाँचा स्थापित गरी गम्भीर प्रकृतिका केही घटनामा कारबाहीको सिफारिस गर्ने र समग्र प्रतिवेदन सरकारलाई बुझाउने अभ्यास छ। प्रतिवेदनको आधारमा कसलाई मुद्दा चलाउने वा नचलाउने जिम्मेवारी सरकारको हो।"[२९] यस दृष्टिकोणले सत्य आयोगहरूको प्रमुख कार्य प्रत्येक उजुरीमाथि व्यक्तिगत रूपमा फौजदारी अनुसन्धान गर्नु नभई मानवअधिकार उल्लङ्घनका व्यापक प्रवृत्ति र ढाँचा उजागर गर्नु तथा जवाफदेहिता र संस्थागत सुधारलाई प्रवर्द्धन गर्न आवश्यक सिफारिस प्रदान गर्नु हो। यस सन्दर्भमा आयोगको भूमिका फौजदारी अनुसन्धान निकायभन्दा फरक मानिन्छ। प्रत्येक घटनालाई शङ्कारहित रूपमा प्रमाणित गर्नुपर्ने फौजदारी प्रक्रियाको मापदण्ड लागू गर्दा थुप्रै प्रमाण चाहिने, जसले प्रक्रियालाई दीर्घ र जटिल बनाउने तथा अन्ततः दोषी उम्कने र सत्यको खोजी नै थप कठिन हुने जोखिम रहेको तर्क पनि सङ्क्रमणकालीन न्यायसम्बन्धी अध्येताहरूले उठाएका छन्।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनपश्चात् बनेको नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) को सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेस्रो संशोधनलाई सदनबाट पारित गराउन चाहन्थ्यो। त्यस प्रक्रियामा सहयोग गर्ने सहमतिअनुसार नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) को सत्ता गठबन्धनले नेकपा (एमाले) लाई तीन ओटा संसदीय समितिको सभापति दिए। तर सत्ता गठबन्धनका दुई दलले नेकपा (एमाले) को सहमतिसहित विधेयक सदनबाट पारित गराउन खोजेपछि नेकपा (एमाले) ले रोक्न खोज्यो। नेकपा (एमाले) ले आफ्नो नेतृत्वको सरकार नबन्दासम्म विधेयक अड्काउन खोजेको आशङ्का नेपाली कांग्रेसले गरेको थियो। तर नेकपा (एमाले) ले भने सत्ताको लागि भन्दा पनि पीडित मैत्री नभएकोले विधेयकमा सहमति हुन नसकेको बताएको थियो।[३०]

[२९] चापागाईंसँग जेठ १५, २०८३ मा गरिएको कुराकानी।

[३०] पाण्डे, यज्ञराज। २०८०। राजनीतिक दाउपेचले गिजोलिँदै सङ्क्रमणकालीन न्याय। *हिमालय टाइम्स*, माघ १। https://ehimalayatimes.com/2024/01/190669/ मा उपलब्ध; जेठ २९, २०८३ मा हेरिएको।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा दुवै आयोगमा अध्यक्ष तथा सदस्य छनोटको लागि सिफारिस समिति हुने व्यवस्था छ। उक्त समिति नै राजनीतिबाट अछुतो छैन। "सिफारिस समिति बने पनि नियुक्ति हामीले नै गर्ने हो भन्ने हैकम सरकार र राजनीतिक दलका नेताहरूमा रहेको" मानवअधिकार आयोगका पूर्व सदस्य प्रकाश वस्तीको आरोप छ।[३१] समितिमा नै राजनीतिक दल अनुकूलका सदस्य भएपछि आयोगका अध्यक्ष र सदस्य पनि राजनीतिक भागबण्डाको आधारमा हुने गरेको छ। परिणामस्वरूप, आयोगका अध्यक्ष र सदस्यहरू राजनीतिक इच्छाशक्तिको अभावमा स्वतन्त्रतापूर्वक सङ्क्रमणकालीन न्यायसम्बन्धी ठोस कार्य गर्न असमर्थ रहे।

[३१] वस्ती, प्रकाश। २०७७। द्वन्द्वकालीन समस्या र आयोगहरूको अपेक्षित भूमिका। *सत्यको खोजी* ३(१): २६–३३।

६. नयाँ सरकार : केही आशा, केही अन्यौल

शान्ति सम्झौता भएको करिब २० वर्षमा एक दर्जनभन्दा बढी सरकार बने। अधिकांश समय शान्ति सम्झौताका पक्षधर तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले नै घुमिफिरी सरकारको नेतृत्व गरे। सत्ताको प्रमुख साझेदार पनि ती तीन दल नै थिए। तीन पटक आयोगमा पदाधिकारी नियुक्त भए। तर ती आयोगले उजुरी सङ्कलन र उजुरीमाथि प्रारम्भिक छानबिन मात्र सम्पन्न गर्न सकेका छन्। वैशाख २८, २०८२ मा तेस्रो पटक गठन भएको आयोगको कार्यकाल चार वर्ष भए पनि चैत १३, २०८३ मा रास्वपा नेतृत्वको सरकारले सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३ जारी गऱ्यो। यो अध्यादेश जारी भएसँगै यस अघिका सरकारहरूले गरेका विभिन्न राजनीतिक नियुक्ती पनि खारेज भयो। सङ्क्रमणकालीन न्यायसम्बन्धी काम गर्न बनेका दुवै आयोगका पदाधिकारी पनि पद मुक्त भए। सो खारेजीलाई द्वन्द्वपीडित विभिन्न सङ्घसंस्थाले समर्थन गर्दै, भविष्यमा आयोगमा हुने आयुक्तको नियुक्ति प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र पीडित मैत्री बनाउन माग गरेका छन्।

दुई दशक थाती रहेको सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्य रास्वपा सरकारले कसरी टुङ्गोमा पुऱ्याउला भन्ने चासो बढेको छ। रास्वपाले आफ्नो चुनावी बाचापत्रमा सङ्क्रमणकालीन न्यायको बाँकी कार्य टुङ्गोमा पुऱ्याउने विषय समेटेको थियो। तर सरकारको सय बुँदे शासकीय सुधारको कार्यसूचीमा सङ्क्रमणकालीन न्याय नसमेटिँदा पीडितहरू निराश र अन्यौलग्रस्त पनि देखिन्छन्। विगतमा आयोगका पदाधिकारी नियुक्तिमा सधैँ राजनीतिक हस्तक्षेप भयो भनेर विरोध हुने गर्थ्यो। अहिलेको सरकार माओवादी द्वन्द्वसँग कुनै सम्बन्ध नभएको दलको बनेको हुँदा तटस्थ र निष्पक्ष आयोग गठन गरेर सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने अवसर छ भन्छन् नेकपाका नेता वर्षमान पुन।[३२] सङ्क्रमणकालीन न्यायका काम कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा नयाँ सरकार गठन भएपछि पटक-पटक संवाद भएको पनि उनले जानकारी दिए। सरकारले सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा

[३२] पुनसँग जेठ १५, २०८३ मा गरिएको कुराकानी।

पुऱ्याउन आवश्यक तयारी गरिराखेको पनि बुझिन्छ।[३३] यस अध्ययनका लागि द्वन्द्वपीडितसँग गरिएको अन्तर्वार्ताको क्रममा उनीहरूले सुरक्षा अङ्ग विशेष गरेर नेपाली सेनाको उच्चपदस्थ अधिकारीको मत पनि सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउनुपर्छ भन्ने रहेकोले सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्ला भन्ने आशा राखेको पाइयो।

तर सङ्क्रमणकालीन न्यायसम्बन्धी काम गरिरहेका मानवअधिकारवादी अभियन्ता तथा अध्येताहरू भने रास्वपा नेतृत्वको नयाँ सरकार बनेपछि सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्य थप अनिश्चित बनेको तर्क गर्छन्। तिनै मध्येकी एक रूकमणी महर्जन भन्छिन्, "वर्तमान सरकार द्वन्द्वकालीन राजनीतिक प्रक्रियासँग प्रत्यक्ष रूपमा जोडिएको शक्ति नभएकाले शान्ति सम्झौता र सङ्क्रमणकालीन न्यायको ऐतिहासिक संवेदनशीलताप्रति पर्याप्त संस्थागत स्मृति नहुन सक्छ। अहिलेसम्मको सरकारको निर्णय प्रक्रिया र कार्यमा पूर्व निश्चितता देखिँदैन। सरकारका विभिन्न निर्णयले असन्तुष्टि र अनिश्चितता बढेको देखिन्छ। अघिल्ला सरकारहरूसँग पीडित समुदाय र नागरिक समाजले संवादका केही औपचारिक वा अनौपचारिक च्यानल प्रयोग गर्न सक्थे, तर अहिले त्यो पहुँच कमजोर छ। अत्यधिक राजनीतिकरण र विगतका पदाधिकारीको असफलताले योग्य तथा विश्वसनीय व्यक्तिहरू आयोगमा आउन नै हिच्किचाउँछन्।"[३४] यसले भविष्यमा बन्ने आयोगको पनि संस्थागत विश्वसनीयता एवं स्वतन्त्रतामाथि प्रश्न कायम नै रहेको देखाउँछ।

---

[३३] देश सञ्चार। २०८३। सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सरकार प्रतिबद्ध छ : कानून मन्त्री गौतम। जेठ ११। https://deshsanchar.com/2026/05/25/1185440/ मा उपलब्ध; असार ९, २०८३ मा हेरिएको।

[३४] महर्जनसँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी।

७. निष्कर्ष

सेना समायोजन, संविधानसभामार्फत संविधान निर्माण र सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउनु शान्ति प्रक्रियाका तीन ओटा मूलभूत कार्यभार थिए। त्यसमध्ये सेना समायोजन र जननिर्वाचित संविधानसभामार्फत संविधान निर्माणको कार्य सम्पन्न भए तर सङ्क्रमणकालीन न्यायको काम भने विगत दुई दशकदेखि थाती नै छ।

दुई दशकसम्म पीडितले न्याय पाउन सकेका छैनन्। न्यायिक क्षेत्रमा ढिला न्याय दिनु भनेको न्याय नदिनु हो भन्ने प्रचलित भनाइ छ। अन्याय विद्रोहको बीज हो। त्यसैले सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन थप ढिला गर्नु हुँदैन। पीडितलाई द्वन्द्वको बेलामा के भएको थियो भन्ने सत्य थाहा पाउने अधिकार छ। कानूनअनुसार मानवअधिकार गम्भीर उल्लङ्घनका दोषी सजायका भागीदार हुन्छन् भन्ने विश्वास पनि द्वन्द्वपीडित समुदायमा दिलाउनुपर्छ। त्यसको लागि सरकार, राजनीतिक दल, पीडित, सङ्क्रमणकालीन न्यायको क्षेत्रमा काम गर्ने सङ्घसंस्था र अन्तर्राष्ट्रिय समुदायले पीडितको न्यायलाई केन्द्रमा राखेर यस प्रक्रियालाई टुङ्गो लगाउन पहल गर्नुपर्छ।

रास्वपा नेतृत्वको सरकारलाई सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउने महत्त्वपूर्ण अवसर छ। नयाँ दल भएकोले यसलाई उक्त द्वन्द्वको बोझ छैन। सङ्क्रमणकालीन न्यायलाई प्राथमिकतामा राखेर राजनीतिक एवं सुरक्षा अङ्गको हस्तक्षेपमुक्त आयुक्तहरू दुवै आयोगमा नियुक्त गर्न यो सरकारले विलम्ब गर्नु हुँदैन। करिब ८० हजार उजुरी दर्ता भएको आयोगमा विज्ञ कर्मचारी एवं अन्य स्रोत साधन अभाव छ। आयोग अहिलेको अभ्यासमा पीडितको निवेदन भण्डारण गर्ने थलोजस्तो मात्र भएको छ। यसलाई स्रोत साधन सम्पन्न बनाउने अभिभारा पनि सरकारकै हो। त्यसका लागि विभिन्न मित्र राष्ट्र, संयुक्त राष्ट्र सङ्घ तथा दातृ सङ्घसंस्थासँग समन्वय गर्न आवश्यक छ।

न्याय निरूपण नहुँदा आर्थिक र सामाजिक हिसाबले भुइँ तहमा परेका पीडितलाई अझ सकस थपिएको छ। परिपूरण राज्यले पीडितमाथि गरेको दया वा माया होइन, यो त पीडितको अधिकार हो। यसमा पीडितलाई आर्थिक पक्ष सँगसँगै उनीहरूका शारीरिक, मानसिक स्वास्थ्य उपचार, रोजगारी, शिक्षा लगायतका विषय पनि जोडिन्छन्। पीडितसँग सघन छलफल गरेर

उनीहरूको आवश्यकता पहिचान गरेर परिपूरण व्यवस्थापन गरिनु पर्दछ । प्रक्रिया परामर्शमुखी र व्यवहारमा रूपान्तरणकारी हुनुपर्छ । त्यस्तै, उजुरी दर्ता गरेका यौन हिंसा तथा बलात्कारका पीडितको गोपनीयतालाई ध्यानमा राखेर उनीहरूलाई मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचारको व्यवस्था पनि तत्काल गरिनुपर्छ ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

ललितपुर, नेपाल

फोन : +९७७-१-५९०२२८६

info@democracyresource.org

https://www.democracyresource.org/